स्थायी लेखा नं. २०१२९११४०
कार्यालय कोड नं. ८०१०५५७०३

# खजुरा गाउँपालिका
KHAJURA RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF RURAL MUNICIPAL EXECUTIVE
बागमतीनगर, बाँके
Bagamatinagar, Banke

Google Plus Code
4H78+C9,Bagamatinagar
लुम्बिनी प्रदेश,नेपाल
Lumbini Province, Nepal

**प्रथम पटक प्रकाशित मिति :२०८३/०६/१६**

विषयः सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण कार्यक्रम सहजीकरणका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

खजुरा गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार गाउँपालिकाको सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण कार्यक्रमलाई प्रभावकारी, निष्पक्ष, सहभागितामूलक, पारदर्शी तथा जवाफदेही ढङ्गले सञ्चालन गर्न योग्य तथा अनुभवी गैरसरकारी संस्थाबाट सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण सहजीकरण सम्बन्धी प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**१. प्रस्ताव पेश गर्न सक्ने संस्थाको योग्यता**

प्रस्ताव पेश गर्ने गैरसरकारी संस्था/सामुदायिक संस्थाले देहायका न्यूनतम योग्यता पूरा गरेको हुनुपर्नेछ ।

१. प्रचलित कानून बमोजिम दर्ता भएको गैरसरकारी संस्था हुनुपर्ने ।

२. संस्था आर्थिक वर्ष २०८३/०८४ सम्म नवीकरण भएको तथा प्रचलित कानून बमोजिम कर सम्बन्धी दायित्व पूरा गरेको हुनुपर्ने ।

३. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सामाजिक जवाफदेहिता, सुशासन, नागरिक सहभागिता वा यस्तै प्रकृतिका कार्यक्रम सञ्चालन गरेको अनुभव भएको हुनुपर्ने ।

४. स्थानीय तह तथा समुदायसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्न सक्ने क्षमता भएको हुनुपर्ने ।

५. प्रस्तावित कार्यका लागि योग्य तथा अनुभवी जनशक्ति उपलब्ध गराउन सक्ने हुनुपर्ने ।

६. संस्थाको उद्देश्य तथा प्रस्तावित कार्यक्रम बीच स्पष्ट सम्बन्ध हुनुपर्ने ।

७. संस्थाले विगतमा सम्पन्न गरेका समान प्रकृतिका कार्यको प्रमाण/अनुभव, सम्झौता, विवरण पेश गर्नुपर्ने ।

**२. प्रस्तावमा समावेश गर्नुपर्ने विषय**

संस्थाले पेश गर्ने प्राविधिक प्रस्तावमा देहायका विषयहरू समावेश गर्नुपर्नेछः

१. संस्थाको संक्षिप्त परिचय

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

२. संस्थाको अनुभव तथा समान प्रकृतिका कार्यको विवरण

३. सार्वजनिक सुनुवाइको पृष्ठभुमी, सहजीकरणको अवधारणा तथा कार्यविधि

४. नागरिक सहभागिता सुनिश्चित गर्ने उपाय

५.सूचना तथा प्रचारप्रसार योजना

६. नागरिकका गुनासा, प्रश्न तथा सुझाव संकलन गर्ने विधि

७. सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण सञ्चालनको विधि तथा प्रक्रिया

८. कार्यक्रमका लागि प्रस्तावित जनशक्ति तथा जिम्मेवारी

९. कार्यक्रमको समयतालिका÷कार्ययोजना

१०. कार्यक्रमको अनुगमन तथा दस्तावेजीकरण योजना

११. कार्यक्रम सम्पन्न भएपछि तयार गरिने प्रतिवेदनको ढाँचा

१२. नागरिक प्रतिवेदन पत्र तथा बहिर्गमन अभिमत संकलन

१२. अपेक्षित उपलब्धि तथा नतिजा

३. आर्थिक प्रस्ताव

आर्थिक प्रस्तावमा सहजीकरणका लागि लाग्ने सम्पूर्ण खर्च स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ । प्रति सार्वजनिक सुनुवाईको लागि अधिकतम रु ७०००० को दरले र सामाजिक परिक्षणका लागि रु ७५००० को दररेटको सिमा भित्र रहि तपसिलको शिर्षक तथा वजेट समावेश गर्नुपर्ने छ ।

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

स्थायी लेखा नं. २०१२९११४०
कार्यालय कोड नं. ८०१०५५७०३

# खजुरा गाउँपालिका
KHAJURA RURAL MUNICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF RURAL MUNICIPAL EXECUTIVE
बागमतीनगर, बाँके
Bagamatinagar, Banke

Google Plus Code
4H78+C9,Bagamatinagar

लुम्बिनी प्रदेश,नेपाल
Lumbini Province, Nepal

## सार्बजनिक सुनुवाई कार्यक्रम

| क स | बिवरण |
|---|---|
| १ | पत्राचार, प्रचार– प्रसार (माइकिङ्ग, पत्राचार निमन्त्रणा बितरण, |
| २ | कार्यक्रम ब्यानर |
| ३ | सहजकर्ता पारिश्रमिक |
| ४ | सहभागी खाजा(रु १५० को दरले अनिवार्य खाजा व्यवस्थापन) |
| ५ | साउण्ड सिष्टम, कुर्सी, टेण्ट आदी |
| ६ | स्वयंमसेवक परिचालन |
| ७ | ब्यवस्थापन, कार्यक्रम संयोजन। सहयोगी खर्च |
| ८ | नागरिक प्रतिवेदन पत्र तथा बर्हिगमन अभिमत संकलन |
| ९ | विविध खर्च |

## सामाजिक परीक्षण

| क.स | बिवरण |
|---|---|
| १. | सञ्चार, समन्वय, सुचना, यातायात खर्च |
| २. | स्टेशनरी, प्रिन्ट तथा फोटोकपी |

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| ३. | प्रारम्भिक प्रतिवेदन प्रस्तुतीकरण तथा छलफल कार्यक्रम खाजा, चिया |
| ४. | सामाजिक परिक्षक खर्च (स्थलगत अवलोकन, सूचना तथा तथ्याँक संकलन, अन्तवार्ता, समुह केन्द्रीत छलफल) |
| ५ | प्रारम्भिक प्रतिवेदन तयारी |
| ६ | अन्तिम प्रतिवेदन तयारी कार्यक्रम संयोजन र ब्यवस्थापन खर्च |
| ७ | विविध खर्च |

**४. आवश्यक कागजातहरू**

प्रस्तावसँग देहायका कागजातहरू अनिवार्य रूपमा पेश गर्नुपर्नेछः

१. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि

२. २०८३/०८४ को नवीकरण प्रमाणपत्रको प्रतिलिपि

३. PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि

४. आर्थिक वर्ष २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र

५. संस्थाको प्रोफाइल

६. समान प्रकृतिको कार्य गरेको अनुभवको प्रमाण

७. संस्थाको २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन

८. प्रस्तावित जनशक्तिको व्यक्तिगत विवरण÷बायोडाटा

९. प्राविधिक प्रस्ताव

१०. आर्थिक प्रस्ताव

११. संस्था कालोसूचिमा नपरेको पत्र

१२. संस्था गाउँपालिकामा सूचिकृत भएको प्रमाण

**५. प्रस्ताव पेश गर्ने अन्तिम मिति**

यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयभित्र प्रस्ताव पेश गर्नुपर्नेछ ।

प्रस्ताव खामबन्दी गरी “सार्वजनिक सुनुवाइर सामाजिक परीक्षण सहजीकरणसम्बन्धी प्राविधिक तथा आर्थिक प्रस्ताव” उल्लेख गरी खजुरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बाँकेमा पेश गर्नुपर्नेछ ।

**६. अन्य व्यवस्था**

- निर्धारित समयपछि प्राप्त प्रस्तावहरू स्वीकार गरिने छैन ।
- अपूर्ण प्रस्तावहरू मूल्याङ्कनमा समावेश हुने छैन ।
- प्रस्ताव छनोट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार खजुरा गाउँपालिकामा निहित रहनेछ ।
- प्रस्ताव मूल्याङ्कनका क्रममा आवश्यक परे संस्थासँग थप विवरण माग गर्न सकिनेछ ।
- छनोट भएको संस्थासँग गाउँपालिकाले प्रचलित कानूनबमोजिम सम्झौता गर्नेछ ।

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत